# भाग २

श्री ५ को सरकार
कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५२ सालको ऐन नं. ११

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## प्राचीन स्मारक संरक्षण ऐन, २०१३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : प्राचीन स्मारक संरक्षण ऐन, २०१३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौबीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्राचीन स्मारक संरक्षण (पाँचौ संशोधन) ऐन, २०५२" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २ मा संशोधन : प्राचीन स्मारक संरक्षण ऐन, २०१३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को, -

(१) खण्ड (क) मा रहेका "महत्व राख्ने" भन्ने शव्दहरु पछि "एकशय वर्ष नाघेको" भन्ने शव्दहरु थपिएका छन् ।

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएकोछ :-

"(छ) "स्थानीय निकाय" भन्नाले गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समिति सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को,-

(१) उपदफा (७) को ठाउँ ठाउँमा रहेका "नगर पञ्चायत" भन्ने शव्दहरुको सट्टा "नगरपालिका" भन्ने शव्द राखिएकोछ ।

(२) उपदफा (९) मा रहेका "स्थानीय हाकिमले" भन्ने शव्दहरुको सट्टा "नगर योजना स्वीकृत भएको ठाउँमा नगर विकास योजना कार्यान्वयन समितिले र नगर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

605

योजना स्वीकृत नभएको ठाउँमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छ :-

"(१०) उपदफा (९) बमोजिम घर वा भवन भत्काउने गरी भएको आदेश उपर कुनै उजुरी नै नपरेमा त्यस्तो उजुरी गर्न पाउने म्याद समाप्त भएको मितिले सात दिनभित्र र कुनै उजुरी परी श्री ५ को सरकारबाट त्यस्तो घर वा भवन भत्काउने निर्णय गरेमा सो निर्णय भएको मितिले एक्काइस दिनभित्र सम्बन्धित व्यक्तिले घर वा भवन भत्काउनु पर्नेछ । सो म्यादभित्र घर वा भवन नभत्काएमा त्यस्तो आदेश दिने निकाय वा अधिकारीले उक्त घर वा भवन भत्काउनेछ र त्यसरी भत्काउँदा लागेको सम्पूर्ण खर्च सम्वन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।"

४. <u>मल ऐनको दफा ३क. मा संशोधन</u> : मूल ऐनको दफा ३क. को सट्टा देहायको दफा ३क. राखिएकोछ :-

"३क. <u>प्राचीन स्मारकको वर्गीकरण</u> : (१) स्वामित्वको दृष्टिले प्राचीन स्मारकलाई सार्वजनिक प्राचीन स्मारक र निजी प्राचीन स्मारक गरी दुई किसिमले वर्गीकरण गरिनेछ ।

(२) महत्वको दृष्टिले प्राचीन स्मारकलाई अन्तर्राष्ट्रिय महत्व, राष्ट्रिय महत्व र स्थानीय महत्व गरी तीन किसिमले वर्गीकरण गरिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनमा दफा ३ख., ३ग., ३घ., ३ङ., ३च. र ३छ. थप : मूल ऐनको दफा ३क. पछि देहायका दफा ३ख., ३ग., ३घ., ३ङ., ३च. र ३छ. थपिएका छन् :-

"३ख. सार्वजनिक प्राचीन स्मारकहरुको स्वामित्व, संरक्षण, मर्मत तथा जीर्णोद्धार : सार्वजनिक प्राचीन स्मारकको स्वामित्व पुरातत्व विभागमा रहनेछ । त्यस्ता सार्वजनिक प्राचीन स्मारकहरुको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागले गर्नेछ ।

३ग. निजी स्वामित्वमा रहेका प्राचीन स्मारकहरुको संरक्षण, मर्मत तथा जीर्णोद्धार : (१) संरक्षित स्मारक क्षेत्रभित्रका निजी स्वामित्वमा रहेका प्राचीन स्मारकहरुको संरक्षण, मर्मत तथा जीर्णोद्धार सम्बन्धित व्यक्तिले गर्नेछ ।

तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिले महत्वपूर्ण मानिएका निजी प्राचीन स्मारकहरुको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागबाट हुन आवश्यक छ भन्ने लागेमा त्यस्ता प्राचीन स्मारकहरुको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राचीन स्मारकहरुको मौलिक स्वरुपमा परिवर्तन, मर्मत तथा जीर्णोद्धार गर्न वा त्यस्ता प्राचीन स्मारकहरु भत्काउन सम्बन्धित व्यक्तिले पुरातत्व विभागको स्वीकृति लिनु पर्नेछ ।

(३) संरक्षित स्मारक क्षेत्र बाहिरका निजी स्वामित्वमा रहेका प्राचीन स्मारकहरुको संरक्षण मर्मत


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
606

तथा जीर्णोद्धार पुरातत्व विभागको निर्देशनमा स्थानीय निकाय वा सम्बन्धित व्यक्तिले गर्नेछ ।

तर गुठी संस्थान अन्तर्गत रहेका निजी प्राचीन स्मारकहरुको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागको निरीक्षण, प्राविधिक सेवा तथा निर्देशनमा गुठी संस्थानले गर्नेछ । गुठी संस्थानबाट त्यस्ता निजी प्राचीन स्मारकहरुको संरक्षण, मर्मत तथा जीर्णोद्धार नभएमा गुठी संस्थानको स्वीकृति विना पुरातत्व विभाग आफैले वा स्थानीय निकाय वा कुनै व्यक्तिद्वारा त्यस्ता निजी प्राचीन स्मारकहरुको संरक्षण, मर्मत तथा जीर्णोद्धार गर्न गराउन सक्नेछ ।

(४) कसैले उपदफा (२) वा (३) वमोजिम स्वीकृति नलिई वा निर्देशन विपरीत कुनै कार्य गरेमा निजलाई दशहजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

३घ. प्राचीन स्मारक स्थल तथा पुरातात्विक स्थलको संरक्षण : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिले महत्वपूर्ण मानिएका प्राचीन स्मारक स्थल तथा पुरातात्विक स्थलहरुको संरक्षण पुरातत्व विभागले गर्नेछ ।

३ङ. धार्मिक मन्दिर, गुम्बा आदिको सञ्चालन : (१) धार्मिक मन्दिर, गुम्बा आदिको सञ्चालकले त्यस्तो मन्दिर तथा गुम्बामा चढाइएको दान दक्षिणाको रकममध्ये पचास प्रतिशतसम्म रकम सोही मन्दिर तथा गुम्बाको संरक्षण तथा यसको पर्यावरणको सुधारमा लगाउनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) धार्मिक मन्दिर तथा गुम्बामा चढाइएको दान दक्षिणाको आय व्यय र त्यसको सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३च. घरजग्गा कर छुट दिन सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निजी प्राचीन स्मारकमा प्रचलित कानून वमोजिम लाग्ने घरजग्गा कर छुट दिन सक्नेछ ।

३छ. समिति गठन गर्न सक्ने : (१) प्राचीन स्मारकहरुको सर्भेक्षण एवं वर्गीकरण गर्न तथा संरक्षित स्मारक क्षेत्रभित्र निजी हक भोगको जग्गामा बनाइने घर वा भवनको शैली वा मापदण्डका सम्बन्धमा पुरातत्व विभागलाई परामर्श दिन र ऐतिहासिक तथा कलात्मक दृष्टिले महत्वपूर्ण मानिएका प्राचीन स्मारकहरुको उचित संरक्षण गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न विभिन्न समितिहरु गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिमका समितिहरुको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।"

६. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा (४) को,-

(१) शीर्षकको सट्टा देहायको शीर्षक राखिएकोछ :-

"निजी स्वामित्वमा रहेका प्राचीन स्मारक किन्न वा आफ्नो संरक्षणमा राख्न सक्ने :"

(२) उपदफा (२) मा रहेको "सरकारी" भन्ने शब्दको सट्टा "सार्वजनिक प्राचीन स्मारक" भन्ने शव्दहरु राखिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 605

७. <u>मल ऐनको दफा ५ मा संशोधन</u> : मूल ऐनको दफा ५ को उपदफा (१) मा रहेका "त्यस पंचायतका प्रधानपञ्च, उप-प्रधानपञ्च, वडा सदस्यबाट" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित नगरपालिकाको प्रमुख, उप-प्रमुख वा सदस्य वा गाउँ विकास समितिको अध्यक्ष, उपाध्यक्ष वा सदस्यबाट" भन्ने शब्दहरु राखिएका छन् ।

८. <u>मल ऐनको दफा ७ मा संशोधन</u> : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएकोछ :-

"७. <u>निजी स्वामित्वका प्राचीन स्मारक वा पुरातात्विक वस्तु लिन सक्ने</u> : (१) कसैले निजी स्वामित्वमा रहेका प्राचीन स्मारक वा पुरातात्विक वस्तुहरु कुनै किसिमले हानी नोक्सानी गरेमा वा बेरुप पार्न खोजेमा पुरातत्व विभागले पंचकिर्ते मोल दिई लिन सक्नेछ । सम्बन्धित व्यक्तिले त्यस्ता प्राचीन स्मारक वा पुरातात्विक वस्तुहरु यथावत रुपमा संरक्षण गर्छु भनी पुरातत्व विभाग समक्ष सो विभागले तोकिदिए बमोजिम लिखत गरी संरक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिखत गरी सकेपछि पनि सम्बन्धित व्यक्तिले लिखत बमोजिम त्यस्ता प्राचीन स्मारक वा पुरातात्विक वस्तुहरुको संरक्षण नगरेमा पुरातत्व विभागले विना मोलमा ती प्राचीन स्मारक वा पुरातात्विक वस्तुहरु लिई आफ्नो नियन्त्रणमा राख्न सक्नेछ । "

९. <u>मल ऐनको दफा १० मा संशोधन</u> : मूल ऐनको दफा १० मा रहेका "रैती दुनियाँको हेरचाहमा" भन्ने शब्दहरुको सट्टा "निजी स्वामित्वमा" भन्ने शब्दहरु राखिएका छन्।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को,-

(१) खण्ड (क) मा रहेका "चोरी गरेमा" भन्ने शब्दहरु पछि "त्यस्तो प्राचीन स्मारकको बिगो बमोजिमको रकम असुल उपर गरी" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ख) मा रहेका "नोक्सानी पुऱ्याएमा" भन्ने शब्दहरु पछि त्यस्तो प्राचीन स्मारकको "बिगो बमोजिमको रकम असुल उपर गरी" भन्ने शब्दहरु थपिएका छन् ।

(३) खण्ड (ग) मा रहेका "नोक्सानी गरेमा" भन्ने शब्दहरु पछि "त्यस्तो पुरातात्विक वस्तुको बिगो बमोजिमको रकम असुल उपर गरी" भन्ने शब्दहरु थपिएका छन् ।

११. मल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को,-

(१) उपदफा (२) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर यस उपदफा बमोजिम कुल देवताका मूर्तिहरु दर्ता गराउन आवश्यक पर्ने छैन ।"

(२) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन् :-

"(२क) उपदफा (२) बमोजिमको म्यादभित्र कुनै व्यक्ति वा संस्थाले सम्बन्धित कार्यालयमा पुरातात्विक वस्तुहरु दर्ता नगराएमा सो कार्यालयले सम्बन्धित व्यक्ति वा संस्थालाई उपदफा (२ख) बमोजिम लाग्ने जरिवाना तिरेमा सो पुरातात्विक वस्तुहरु दर्ता गर्न सकिने व्यहोरा समेत उल्लेख गरी पैंतीस दिनको म्याद दिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२ख) उपदफा (२क) बमोजिम दिइएको म्यादभित्र कुनै व्यक्ति वा संस्थाले आफूसंग भएको पुरातात्विक वस्तुहरु सम्बन्धित कार्यालयमा दर्ता गराउन ल्याएमा सो कार्यालयले त्यस्ता व्यक्ति वा संस्थालाई पाँचसय रुपैयाँदेखि पाँचहजार रुपैयाँसम्म जरिवाना गरी त्यस्ता पुरातात्विक वस्तुहरु दर्ता गर्नेछ । त्यसरी दिइएको म्यादभित्र पनि कसैले पुरातात्विक वस्तुहरु दर्ता नगराएमा सम्बन्धित कार्यालयको सिफारिशमा पुरातत्व विभागले त्यस्ता पुरातात्विक वस्तुहरु बिना मोलमा लिन सक्नेछ ।"

१२. मूल ऐनमा दफा १६क. थप : मूल ऐनको दफा १६ पछि देहायको दफा १६क. थपिएकोछ :-

"१६क. कलाकृति तथा स्मारक सम्बन्धी विशेष व्यवस्था : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकसय वर्ष ननाघेका अद्वितीय किसिमका कलाकृति तथा कुनै समयको महत्व दर्शाउने स्मारकहरु पुरातत्व विभागले संरक्षण गर्न गराउन सक्नेछ ।"

१३. मूल ऐनमा दफा १७घ. थप मूल ऐनको दफा १७ग. पछि देहायको दफा १७घ. थपिएकोछ :-

"१७घ. प्राचीन स्मारक संरक्षण कोष : (१) ऐतिहासिक तथा कलात्मक दृष्टिले महत्वपूर्ण मानिएका प्राचीन स्मारकहरुको संरक्षण गर्न तोकिए बमोजिमको एउटा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. मल ऐनको दफा २०क. मा संशोधन : मूल ऐनको दफा २०क. मा रहेका "सम्बन्धित पंचायत" भन्ने शव्दहरुको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका" भन्ने शव्दहरु राखिएका छन् ।

१५. रुपान्तर : मूल ऐनको ठाउँ ठाउँमा रहेका "स्थानीय हाकिम" भन्ने शव्दहरुको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शव्दहरु राखी रुपान्तर गरिएकोछ ।

लालमोहर सदर मिति :- २०५२।१०।२५।५

आज्ञाले,

**सुरेशमान श्रेष्ठ**

श्री ५ को सरकारको का.मु.सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

693

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।